लिखु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

ढुंङ्गे, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स०८१/०८२
च.न

मिति: २०८१।०९।०२

## सूचना! सूचना !!सूचना!!!

### प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना
### दोस्रो पटक प्रकाशित मिति २०८१।०९।०२

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्यष्ठ नागरिक मन्त्रालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुरुप राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ दफा ७ बमोजिम विपन्न महिलाहरुको जीवनस्तरमा बढोत्तरी गर्न र स्थानीय स्रोत साधन समेतको समूचित प्रयोग गर्दै उद्यमशीलता विकासको माध्यतमवाट महिलाहरुको आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले मन्त्रालयबाट यस स्थानीय तहमा हस्तान्तरण भएको अनुदान रकमबाट कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरुवाट प्रस्ताव आहानको लागि १५ (पन्ध्र) दिने सूचना जारी गरिएकोमा निर्धारित समय सिमाभित्र कसैको पनि प्रस्तावना नपरेको हुँदा पुनः थप ७ (सात) दिनको सूचनाको म्याद थप गरी प्रकाशित गरिएको छ। मन्त्रालयबाट प्राप्त राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड २०७७ को परिच्छेद ४ को दफा १३ बमोजिम संस्था छनौट गर्ने अधिकार प्रस्ताव मूल्यांकन तथा छनौट समितिलाई हुनेछ।

<u>तपसिल</u>

**१) दरखास्त साथ बुझाउनुपर्ने कागजात**

क) संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसञ्चालन प्रकृया, भौतिक तथा, वित्तीय स्रोत सम्बन्धी विवरण,

ख) प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधी र स्रोत परिचालन सहितको व्यवासायिक योजनाको विवरण,।

ग) प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्र प्रतिलिपि,

घ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

ङ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

च) प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साँझेदारिको स्रोत सहितको यथार्थ विवरण,

छ) कालोसूचीमा नपरेको र प्रचलित कानूनबमोजिम अयोग्य नरहेको स्वःघोषणा।

ज) प्रस्ताव दर्ता संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुनेगरी व्यावसायीक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

अशोक बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

इमेल:likhu.nuwakot@gmail.com, info@likhumun...